# वार्षिक प्रतिवेदन

# सानीभेरी शिक्षा क्याम्पस

सानीभेरी गाउँपालिका वडा नं. ८, रुकुम

(पश्चिम)

स्थापना २०७०

# वार्षिक प्रतिवेदन प्रकाशित मिति: २०८०/०६/०६

प्रतिवेदन तयारी समुह

यस प्रतिवेदनलाई निर्माण गर्दा तपशिल अनुसारको तयारी समुह निर्माण गरी तयार पारिएको थियो ।

संयोजक ः श्री भागीराम भण्डारी

सदस्य ः श्री धर्मजित ओली

सदस्य ः श्री चक्र बहादुर भण्डारी

सदस्य ः श्री तिलक ओली

क्याम्पस सञ्चालक समितिबाट प्रतिवेदन पारित मिति: २०८०/०६/०६

# विषय सुची

१ सानिभेरी शिक्षा क्याम्पसको परिचय

१.२ क्याम्पसको शैक्षिक अवस्था

१.३ भर्ना प्रणालीको विश्लेषण

१.४ शैक्षणिक विधिहरु

१.४ शिक्षक तथा कर्मचारी विवरण

१.५ सस्थापक क्याम्पस व्यवस्थापन समिति

१.६ बर्तमान क्याम्पस व्यवस्थापन समिति

२. पूर्वाधार विकास

२.१ विश्व विद्यालय अनुदान आयोगबाट सहयोग र सहायता

३. आर्थिक अवस्था

३.१ क्याम्पसबाट प्रदान छात्रबृति विवरण

४. पब्लिक क्याम्पस संघमा सहभागिता

५. क्याम्पसको लागि सामाजिक योगदान

६ क्याम्पसका सबल पक्षहरु

७ क्याम्पसका दुर्बल पक्षहरु

**१ सानिभेरी शिक्षा क्याम्पसको परिचय**

सानीभेरी नदिको अविच्छिन्न प्रवाह सँग साइनो जोडेर स्थापित सानीभेरी शिक्षा क्याम्पस मध्यपहाडि लोक मार्गको सम्मुखमा सानिभरी नदिको किनारामा रहेको छोटेबगर सुन्दर चौरमा अवस्थित छ । सर्वप्रथम २०६७ साल पौष महिनाको २५ गते यस क्याम्पसलाई स्थापना गर्नका लागि साविकका सिम्ली, गरायला, अर्मा, पूर्तिमकाँडा र दुली गाउ विकास समितिका विभिन्न क्षेत्रमा रहेर काम गर्ने महानुभावहरुको आम भेलाले श्री विर्ख बहादुर विष्टको अध्यक्षतामा २५ सदस्यीय प्रस्तावित क्याम्पस व्यवस्थापन समितिको गठन सँगै क्याम्पसको औपचारिक सुरुवातको प्रकृया थालनी भएको थियो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धनको लागि चक्र बहादुर भण्डारी र भागीराम भण्डारीको निरन्तर प्रयासबाट शर्तहरुअनुसार कागजात तयारी गरि डीनको कर्यालय किर्तिपुर काठ्माडौँमा पेश गरिएको थियो । विविध तयारीको अभावमा डीनको कार्यालयबाट क्याम्पसले सवन्ध प्राप्त गर्दा जिल्लाका अरु क्याम्पस सरह अस्थायी सवन्ध प्राप्त गर्नबाट बञ्चित हुनु परेको थियो । तर २०७० सालमा पुनः संवन्धनको लागि दोस्रो पटक आवेदन दिएपछि अरु जिल्लाका क्याम्पस सरह यस सानीभेरी शिक्षा क्याम्यसले २०७० साल मंसिर २५ गते संवन्धन प्राप्त गर्न सफल भएको थियो ।

भनिन्छ "आवस्यकता नै आविस्कारको जननी हो" वर्तमान अवस्थामा सम्म आइपुग्दा पश्चिम रुकुमको सुन्दर शान्त र रमणीय ठाउँमा अवस्थित यस क्याम्पसको नाम र देश नयाँ संरचनामा गइसकेपछि बनेको सानीभेरी गाउँपालिकाको नामसँग नाममा एकरुपता आएको तथ्यलाई आत्मसाथ गर्दै रुकुमको एक प्रसिद प्राकृतिक सम्पदा सानीभेरी नदिको नामसँग यो क्याम्पसको नाम जुराइएको थियो। यो गाउँपालिका निर्माणका विभिन्न आधारहरुमध्ये यस क्षेत्रको क्याम्पस स्थापनाले पछि ठुलो बल पुर्याएको कुरा सर्वविदितै छ । यस क्षेत्रमा बसोवास गर्ने जनसमुदाय जसले आर्थिक अभावको कारण आफ्ना बालबालिकालाई उच्च शिक्षा पठन पाठन गर्न नसकिरहेको अवस्थामा क्याम्पस स्थापनाले पठन पाठनको सुनौलो अवसर मिलेको यथार्तलाई नकार्न मिल्दैन । सानीभेरी गाउँपालिकाको केन्द्रमा स्थापित यस क्याम्पसले भौतिक तथा शैक्षिक विकासको सम्भावनालाई माथि उठाउन विशेष जोड दिने पक्ष त छँदैछ ।

हाल यस क्याम्पसमा शिक्षा शास्त्र संकाय अन्तरगतका अंग्रेजी, गणित, नेपाली र स्वास्थ्य तथा शारीरिक विषयको पठन पाठन भैरहेको छ । भर्खर एउटटा भवन निर्माणको कार्य थालनी हुदै दोस्रो तला निर्माणको कार्य भरहेको छ भने दुइ वटा भवनको निर्माण कार्य सम्पन्न भएको छ ।

पठन पाठनलाई विस्तारै व्यवस्थिकरण गरिँदै लागिराखेको कुरा अवगत गराउन चाहन्छौँ। क्याम्पस भित्र पूर्णकालीन शिक्षक तथा कर्मचारी लगाएत भैतिक पूर्वाधारलाई व्यवस्थित गर्दै लागिराखिएको छ ।

क्याम्पस निर्माणमा महन्वपूर्ण योगदान र जोड दिनुहुने व्यक्ति यस जिल्लाको नेता श्री जनार्दन शर्मा प्रभाकर, यस गाउँको स्थानिय राजनितिज्ञ तत्कालिन सभासद विमला के सी र स्थानीय स्तरबाट हरपल लागिरहने स्थानीय समाजसेवी तथा राजनितिज्ञ श्री विर्ख बहादुर विष्ट को अनवरत खटन र सक्रिय सहभागिताको  क्याम्पस परिवारले सदा सर्वदा कदर गर्नैपर्दछ । साथै आफ्नो क्षमताले भ्याएसम्म खटिएर सम्वन्धन प्राप्तिमा सहयोग गर्ने स्थानीय युवा नेता श्री मनबीर घर्ती प्रति पनि क्याम्पस हार्दिक आभार ब्यक्त गर्दछ । यसै गरि आन्तरिक रुपमा क्याम्पस निर्माण विभिन्न पक्षहरु देखि कागजात निर्माण र त्रि.वि. सग समन्वय गर्ने कार्यमा शिक्षक श्री भागीराम भण्डारी र चक्र बहादुर भण्डारीको पनि महत्वपूर्ण योगदान रहेको छ । यसैगरी क्याम्पसको सम्बधन तथा विकासमा श्री राप्ती ज्ञानोदय माध्यमिक विद्यालय सिम्ली रुकुम पश्चिमको पनि अमुल्य साथ र सहयोग रहेको छ । साथै दुइ शैक्षिक सत्र पहिलो र दोस्रो (२०७०/०७१ र २०७१/०७२) सम्म राप्ती ज्ञानोदय मा वि को भौतिक संरचना प्रयोगको अनुमतिको व्यवस्था मिलाउने तत्कालिन प्रधानाध्यापक श्री शशिराम विश्वकर्मा तथा तत्कालिन वि व्य स प्रति पनि क्याम्पस हार्दिक धन्यवाद प्रदान गर्दछ ।

यसैगरी क्याम्पसको प्रगति र उन्नतिमा सधै लागि पर्नु हुने यस क्षेत्रमा राजनितिज्ञ, शिक्षाप्रेमी, बुद्धिजीवी चन्दादातालाई हार्दिक धन्यवादका पात्रका रुपमा राख्न चाहान्छौँ । त्यसैगरी क्याम्पसको भवन निर्माणको लागि जग्गा उपलव्ध गराउने रमिता ओलीलाई पनि क्याम्पस परिवार धन्यवाद दिन चाहन्छ । क्याम्पसको आर्थिक अवस्थालाई बुझेर एक वर्षसम्म तलव नलिएर पठन पाठन गरी सहयोग गर्ने शिक्षकहरु श्री भागीराम भण्डारी सानीभेरी ९ रुकुम(पश्चिम), धर्मजित ओली सानीभेरी ९ रुकुम(पश्चिम), चक्र बहादुर भण्डारी सानीभेरी ९ रुकुम(पश्चिम), कृष्ण बहादुर खड्का चौरजहारी १० रुकुम(पश्चिम), उदिराम खड्का सानीभेरी ९ रुकुम(पश्चिम), कर्ण बहादुर बिष्ट सानीभेरी ३ रुकुम(पश्चिम) को योगदानलाइ पनि क्याम्पस परिवारले भुल्न सक्दैन । त्यसैगरि दुई पटकसम्म देउसी भैलो कार्यक्रम सक्रियतालाई सम्झन चाहान्छौँ । क्याम्पसका मिति २०६८।०५।३० गतेका दिन बसेको क्याम्पसको अभिभावक सम्मेलनवाट यो प्रतिवदन तयार गर्ने निर्णय पारित गरे अनुसार आर्थिक वर्ष २०७४।०७५ मा यस सानीभेरी शिक्षा क्याम्पसको भौतिक प्रशासनिक आर्थिक, शैक्षिक र सामाजिक क्रियाकलापलाई सर्मथन गरेको थियो । यस भित्र समेटिएका सबै पक्षहरुप्रति सकारात्मक कोणबाट

टिप्पनी गर्दै समग्रमा प्रतिवेदनले क्याम्पसका विभिन्न पक्षलाई पुष्टि गरेको हुँदा एकसाथ सर्मथन गरेको थियो । समर्थनमा प्रतिवेदन तयारी समुहबाट धन्यवाद दिइएको थियो ।

**१.२ क्याम्पसको शैक्षिक अवस्था**

मिति २०७० साल मंसिर २५ गते त्रिभुवन विश्व विद्यालयबाट अस्थायी संबन्धन प्राप्त भइ सानीभेरी शिक्षा क्याम्पस सिम्ली रुकुममा शिक्षा शास्त्र संकाय अन्तर्गत नेपाली, अग्रेजी, गणित र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयमा पठन पाठन हुँदै आइरहेको छ । शैक्षिक अवस्थमा कति सुधारात्मक छ भन्ने कुराको मापन विद्यार्थी परीक्षामा सामेल भइपछि प्राप्त नतिजाले देखाउने गर्दछ । त्यसकारण यस क्याम्पसमा अध्ययनरत विद्यार्थीको शैक्षिक प्रगति तपशिल अनुसार तलको विवरणमा देखिन्छत् ।

| | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम वर्ष | २२ | ३३ | ५५ |
| दोस्रो वर्ष | २६ | ३९ | ६५ |
| तेस्रो वर्ष | ३८ | ३६ | ७४ |
| चौथो वर्ष | ४७ | ६३ | ११० |

**१.३ भर्ना प्रणालीको विश्लेषण**

यस क्याम्पसमा अध्ययनरत समग्र विद्यार्थी संख्या अलि कम भएको देखिन्छ । खासगरी विद्यार्थीहरु पहिलो वर्षमा भर्ना हुन तत्परता देखाएता पनि दोस्रो वर्ष र तेस्रो वर्षमा पुग्दा सम्म बिचैमा पढाइ छाडेर विभिन्न बाध्यता र बिवसताले क्याम्पसको अध्ययनलाई ब्रेक गर्नुपर्ने अवस्था देखा परेको छ । खासगरी ग्रामीण क्षेत्रमा रहेको विद्यार्थीहरुमा आर्थिक समस्याले गर्दा कतिपय क्याम्पसमा पढाइको लागि प्रवेश गर्न असमर्थ भएको पक्षलाई नकार्न मिल्दैन । यसमा पनि पढेर भोलिका दिनमा जागिरको कुनै भरपर्दो आधार नदेखिने र १२ सम्मको पढाइपछि छात्रहरु विदेश तिर र छात्राहरु विवाह गरी घरजम गर्दा पनि पर्याप्त विद्यार्थी क्याम्पस सम्म पुग्न असमर्थ हुने गरेका छन् । १२ सम्म भन्दा माथि अध्ययन गर्ने विद्यालयमा नजिक क्याम्पस भएको र नजिक हुँदा पनि विद्यार्थीहरुमा पढाई सकेर भविस्य निर्माण हुने नदेखेपछि संख्यात्मक रुपमा क्याम्पसमा विद्यार्थी संख्या कमि देखिएको छ । समग्रतामा भखैर स्थापना भएको क्याम्पसमा विस्तारै प्रगतिको सिँढिहरु थप्दै गइराखेको देखिन्छ ।

विद्यार्थी विवरण २०७०/०७१

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | २२ | ४३ | ६५ |
| दोस्रो | – | – | – |
| तेस्रो | – | – | – |

विद्यार्थी विवरण २०७१/०७२

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | ०९ | १४ | २३ |
| दोस्रो | २२ | ४३ | ६५ |
| तेस्रो | – | – | – |

विद्यार्थी विवरण २०७२/०७३

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | २१ | १४ | ३५ |
| दोस्रो | ०९ | १४ | २३ |
| तेस्रो | २१ | ४० | ६१ |

विद्यार्थी विवरण २०७३/०७४

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | १४ | १५ | २९ |
| दोस्रो | २१ | १४ | ३५ |
| तेस्रो | ०८ | ०९ | १७ |

विद्यार्थी विवरण २०७४/०७५

| वर्ष | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|
| प्रथम | ३२ | ३६ | ६८ | |
| दोस्रो | १४ | १५ | २९ | |

| | | | | |
|---|---|---|---|---|
| तेस्रो | २१ | १४ | ३५ | |
| चौथो | ०८ | ०९ | १७ | |

विद्यार्थी विवरण २०७५/०७६

| वर्ष | छात्र | छात्रा | जम्मा | |
|---|---|---|---|---|
| प्रथम | २६ | ३५ | ६१ | |
| दोस्रो | ३२ | ३६ | ६८ | |
| तेस्रो | १४ | १५ | २९ | |
| चौथो | २१ | १४ | ३५ | |

विद्यार्थी विवरण २०७६/०७७

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | ४५ | ५६ | १०१ |
| दोस्रो | २६ | ३५ | ६१ |
| तेस्रो | ३२ | ३६ | ६८ |
| चौथो | १४ | १५ | २९ |

विद्यार्थी विवरण २०७७/०७८

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | ३७ | ३३ | ७० |
| दोस्रो | ४५ | ५६ | १०१ |
| तेस्रो | २६ | ३५ | ६१ |
| चौथो | ३२ | ३६ | ६८ |

विद्यार्थी विवरण २०७८/०७९

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | ३२ | ४१ | ७३ |
| दोस्रो | ३७ | ३३ | ७० |
| तेस्रो | ४५ | ५६ | १०१ |

| | | | |
|---|---|---|---|
| चौथो | २६ | ३५ | ६१ |

विद्यार्थी विवरण २०७९/०८०

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | २२ | ३३ | ५५ |
| दोस्रो | ३२ | ४१ | ७३ |
| तेस्रो | ३७ | ३३ | ७० |
| चौथो | ४५ | ५६ | १०१ |

विद्यार्थी विवरण २०८०/०८१

| वर्ष | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| प्रथम | २५ | ३३ | ५५ |
| दोस्रो | ३२ | ४१ | ७३ |
| तेस्रो | ३७ | ३३ | ७० |
| चौथो | ४५ | ५६ | १०१ |

**१.४ शैक्षणिक विधिहरुः**

यस सानीभेरी शिक्षा क्याम्पस सिम्ली रुकुमले २०७० सालमा संवन्धन प्राप्त गरी शिक्षा शास्त्र संकाय अन्तरगत ४ विषय अग्रेजी, गणित, नेपाली र स्वास्थ्य तथा शारीरिक शिक्षामा पठन पाठन गर्न अनुमति प्राप्त गरि अध्यापन हुदै आइरहेको छ । क्याम्पसको पठन पाठनका कक्षाहरु बिहानी समयमा चल्दै आइरहेको छ । यी ४ वटा विषयमा पठन पाठन हुँदा प्रयोग भैरहेका विधिहरु यसप्रकार हुनः

१. प्रवचन विधि

२. छलफल विधि

३. प्रश्नोतर विधि

४. प्रर्दशन विधि

५. प्रयोगात्मक विधि

यी विधिहरुको प्रयोग पाठको स्वरुप अनुसार हुदै आइरहेको छ । खासगरी विषय वस्तु लाई मध्यनजर गरेर अध्ययन गराउन शिक्षाको तयारी गरी आवस्यक्ता अनुशार विधिहरुको प्रयोग फरकपन आउने गर्दछ ।

**१.४ शिक्षक तथा कर्मचारी विवरण**

कुनै पनि संस्थाको प्रगति तथा राम्रो सञ्चालनको लागि कर्मचारीको महत्वपूर्ण हात रहेको हुन्छ । यस सानीभेरी शिक्षा क्याम्पसमा शिक्षक तथा कर्मचारी गरि दुई प्रकारका स्टाफ रहेका छन् । शिक्षक तथा कर्मचारीको विवरण निम्नानुसार छ ।

| **नाम** | **विषय** | **पद** |
|---|---|---|
| भागिराम भण्डारी | स्वास्थ्य तथा शारीरिक शिक्षा | क्याम्पस प्रमुख |
| धर्मजित ओली | अंग्रेजी | सहायक क्याम्पस प्रमुख |
| चक्र बहादुर भण्डारी | शिक्षा | अभ्यास शिक्षण प्रमुख |
| उदिराम खड्का मगर | नेपाली | |
| चन्द्र बहादुर परियार | अंग्रेजी | |
| मनराज दाहाल | गणित | |
| गीता के सी | स्वास्थ्य | |
| तिलक ओली | नेपाली | लेखापाल |
| झुपे खड्का | | कार्यालय सहयोगी |

**१.५ सस्थापक क्याम्पस व्यवस्थापन समिति २०७० देखि २०७५ सम्म**

| | |
|---|---|
| १. श्री बिर्ख बहादुर बिष्ट | अध्यक्ष |
| २. श्री रीप बहादुर ओली | उपाध्यक्ष |
| ३. श्री कृष्ण बहादुर ओली | सदस्य |
| ४. श्री टंक प्रकाश खड्का | सदस्य |
| ५. श्री शशीराम बिश्वकर्मा | सदस्य |
| ६. श्री कर्णसिंह डाँगी | सदस्य |
| ७. श्री मनबीर घर्ती | सदस्य |
| ८. श्री इन्द्रे ओली | सदस्य |
| ९. श्री दल बहादुर ओली | सदस्य |
| १०. श्री सर्वजित घर्ती | सदस्य |
| ११. श्री कर्मु डाँगी | सदस्य |
| १२. श्री भुपालसिंह ओली | सदस्य |

१३. श्री मोतीराम रोका सदस्य

१४. श्री मान बहादुर पुन सदस्य

१५. श्री चक्र बहादुर भण्डारी सदस्य

१६. श्रीमती मीना शर्मा सदस्य

१७. श्री भागीराम भण्डारी सदस्य सचिव

**१.६ क्याम्पस व्यवस्थापन समिति २०७५ देखि २०७९ सम्म**

१. श्री शेर बहादुर खड्का अध्यक्ष

२. श्री रीप बहादुर ओली उपाध्यक्ष

३. श्री बिर्ख बहादुर बिष्ट सदस्य

४. श्री कृष्ण बहादुर ओली सदस्य

५. श्री शशीराम बिश्वकर्मा सदस्य

६. श्री राम बहादुर बिष्ट सदस्य

७. श्री मनबीर घर्ती सदस्य

८. श्री धनबीर ओली सदस्य

९. श्री गोबिन्द ओली सदस्य

१०. श्री कुल बहादुर बुढा सदस्य

११. श्री कर्ण बहादुर डाँगी सदस्य

१२. श्री मदनदास बि क सदस्य

१३. श्री मोतीराम रोका सदस्य

१४. श्री गोबिन्द बुढा सदस्य

१५. श्री चक्र बहादुर भण्डारी सदस्य

१६. श्रीमती दिपा खड्का सदस्य

१८. श्री मोहनजंग शाह त्रि वि प्रतिनिधि

१९. श्री भागीराम भण्डारी सदस्य सचिव

**१.६ क्याम्पस व्यवस्थापन समिति २०७९ देखि हालसम्म**

१. श्री शेर बहादुर खड्का अध्यक्ष

२. श्री मनबीर घर्ती मगर उपाध्यक्ष

३. श्री कर्णसिंह डाँगी सदस्य

४. श्री बिर्भान भण्डारी सदस्य

५. श्री धर्म बहादुर पुन सदस्य

६. श्री कर्ण बहादुर बिष्ट सदस्य

७. श्री पहलसिंङ घर्ती सदस्य

८. श्री प्रेम बहादुर बि क सदस्य

९. श्रीमती शारदा परीयार सदस्य

१०. श्री तिलक ओली सदस्य

११. श्री कर्ण बहादुर डाँगी सदस्य

१३. श्री मोतीराम रोका सदस्य

१४. श्री श्री चक्र बहादुर भण्डारी सदस्य

१५. श्रीमती ईन्दिरा ओली सदस्य

१६. श्री माधब पोखरेल त्रि वि प्रतिनिधि

१७. श्री भागीराम भण्डारी सदस्य सचिव

**२. पूर्वाधार विकास**

यस क्याम्पसले क्रमिक रुपमा पूर्वाधार विकासमा जोड दिँदै आइरहेको छ । हाल क्याम्पसको नाममा रजिस्ट्रेशन भएको र हुन बाँकि जम्मा १८०० वर्ग मीटर मा भवन खेल मैदान निर्माण हुँदै आइराखेको छ । आ व २०७४/७५ विश्ववद्यालय अनुदान आयोग बाट ४ कोठे भवनको पहिलो तला निर्माण भइसकेको छ र जसको दोस्रो तला अधुरै छ । । पुरुष र महिला शौचालयको कार्य पनि पुरा भइसकेको छ । आ.व. २०७६/७७ मा विश्व विद्यालय अनुदान आयोगबाट भौतिक निर्माण शिर्षकमा प्ाप्त रकमबाट ६ कोठे भवन पनि निर्माण सम्पन्न भइसकेको छ । त्यसैगरि आ व २०७८/७९ मा कर्णाली प्रदेश सरकार सामजिक विकास मन्त्रालय बाट प्राप्त ४ कोठे भवनको निर्माण कार्य पनि सम्पन्न भइसकेको छ

**२.१ विश्व विद्यालय अनुदान आयोगबाट सहयोग र सहायता**

२०७० सालमा त्रि.वि. बाट सम्बन्धन पश्चात अनुदान आयोगबाट आ.व. २०७३/०७४ देखि निम्न अनुसारको अनुदान शिर्षकमा रकम प्राप्त गर्दै आइरहेको छ ।

| आर्थिक वर्ष | प्राप्त रकमको शिर्षक | रकम |
|---|---|---|
| २०७३/०७४ | भौतिक निर्माण | २५,००००० |
| २०७४/०७५ | भौतिक निर्माण | २५,००००० |

| | | |
|---|---|---|
| २०७५/०७६ | फर्निचर खरिद | ७,००००० |
| २०७५/०७६ | नियमित अनुदान | ६,३२,२५० |
| २०७६/०७७ | भौतिक निर्माण | ५०,००००० |
| २०७६/०७७ | नियमित अनुदान | ६,८२,२०० |
| २०७७/०७८ | नियमित अनुदान | ८,४७,२०० |
| २०७८/०७९ | नियमित अनुदान | ११,७५००० |
| २०७८/०७९ | फिल्ड निर्माण | १२,००,००० |
| २०७९/०८० | नियमित अनुदान | १७,२४,००० |
| २०७९/०८० | उपकरण खरिद | ८,५०,००० |

**३. आर्थिक अवस्था**

क्याम्पस व्यवस्थिकरणका विभिन्न पक्षहरुमध्ये आर्थिक श्रोत पनि महत्वपूर्ण पक्ष हो । क्याम्पसको भौतिक निर्माणको आधार पनि आर्थिक सुदृढिकरण हो । यस क्याम्पसमा आर्थिक श्रोतको पहिलो आधार भनेको यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुबाट जम्मा भएको भर्ना शुल्क, मासिक शुल्क लगायत कर शुल्कहरु लाई लिइन्छ । त्यसैगरी स्थानिय निकायबाट विभिन्न कार्य गर्नेको लागि प्राप्त रकमलाई पनि आर्र्थिक श्रोतको रुपमा लिइएको छ ।

त्यसैगरी क्याम्पसले विभिन्न शिषकबाट प्राप्त रकमबाट आवस्यक पर्ने जग्गा खरिद गरी हालसम्म रकम संचय गर्न सकिरहेको छैन् । जम्मा भएको रकम बाट आन्तरिक कर्मचारी पठन पाठन गरेका उप प्राध्यापकहरुको परिश्रमिक दिई क्याम्पसको खातामा थोरै मात्रामा रकम क्रमशः जम्मा हुँदै आएको छ । हाल संबन्धन ल्याउँदा किर्तिपुरमा नेपाल बैकमा भएको खातामा आर्थिक वर्ष सकिँदा रकम लाई खासै मौजुदा गर्न नसकिरहेको अवस्था छ । विश्व विद्यालय अनुदान आयोगबाट २०७४।०७५ मा नियमित अनुदान अन्तरगतको रकम प्राप्त गर्न थालेदेखि आन्तरिक खर्च व्ययभारमा सजिलो भएको पक्षलाई प्रस्तुत गर्न चाहान्छौँ । यस वर्ष पनि अनुदान आयोग बाट प्राप्त रकमा बैँकमा मौजुदा रहेको छ।

**आम्दानी तथा खर्च विवरण**

आ **व २०७७/२०७८**

| आम्दानी विवरण | रकम | खर्च विवरण | रकम |
|---|---|---|---|
| अ ल्या सनराइज बैक | ५४२६२८ | तलव भत्ता | ६,१९००० |
| रा वा बैक | ३४९५१०० | भवन निर्माण | ४५२६८६० |
| ने बै लि मुद्दति | ६५०००० | प्राविधिक खर्च | ४४२५०० |

| | | | |
|---|---|---|---|
| यजिसी नियमित अनुदान | ८४७२०० | त्रि वि दोस्रो वर्ष राजस्व | ११२५०० |
| यजिसी भवन अनुदान | २५००००० | सिसि क्यामरा इन्टरनेट | १४२५०० |
| आन्तरिक आम्दानी | १४७६००० | सोलार इन्भर्टर | १००००० |
| नगद | ३२५००० | लेखा परिक्षण | २७००० |
| | | खाना खाजा खर्च | ७९८५० |
| | | फर्निचर<br>परीक्षा | ८६०००<br>१५३२०० |
| | | प्रयोगात्म अभ्यास शिक्षण | ३१००० |
| | | त्रि वि प्रथम वर्ष राजस्व | ९६७०० |
| | | सरस्वती पुजा | ११०० |
| | | विजुली खर्च | १०००० |
| | | क्लियरिङ चार्ज | १५ |
| | | खाता सञ्चालन | ३५०० |
| | | विविध | १५७९० |
| | | नगद जिम्मा अध्यक्ष | ३२५००० |
| | | बैक मौजुदा रकम | |
| | | वचत रकम | २४१३४१३ |
| | | ने बै लि मुद्दती | १४७६००० |
| जम्मा | ९८३५९२८ | जम्मा | ९८३५९२८ |

आ **व २०७८/२०७९**

| आम्दानी विवरण | रकम | खर्च विवरण | रकम |
|---|---|---|---|
| अ ल्या सनराइज बैक | ३,२१,११३ | भवन,भौतिक निर्माण | ४५,२७,७०० |
| अ ल्या रा वा बैक | २०,९२,३०० | तलव भत्ता | १२,८०,००० |
| अ ल्या ने बै लि | ८८,४७९.६६ | परिक्षा सञ्चालन | १,५८,९४५ |
| भवन निर्माण कर्णाली प्रदेश | ३५,५७,०९१ | अभ्यास शिक्षण खर्च | ९७,५०० |
| युजिसी नियमित अनुदान | ११,७५,००० | प्रयोगात्मक परीक्षा खर्च | ६७,००० |

| | | | |
|---|---|---|---|
| युजिसी फिल्ड निर्माण अनुदान | १२,००,००० | त्रि वि प्रथम दोस्रो तेस्रो र चौथो वर्ष राजस्व | ३,१४,३२० |
| आन्तरिक आम्दानी | २७,५८,५०० | ईन्टरनेट रिचार्ज | ३३,८५० |
| ने बै लि मुद्दति | ६,५०,००० | भ्रमण खर्च | २,०२,००० |
| ने बै लि मुद्दति ब्याज | १,०४,३४५.५७ | टेबुल फ्यान | ४,००० |
| नगद | ३,२५,००० | खाना खाजा खर्च | ७८,६६५ |
| | | स्टेसनरी | २१,६९० |
| | | भवन वाईरिङ | ७५,००० |
| | | अडिट | २०,००० |
| | | सि सि क्यामरा | ४०,१०० |
| | | हार्ड डिस्क खर्च | ९,००० |
| | | मिटर बक्स खर्च | ७,००० |
| | | चन्दा | १२,००० |
| | | विभिन्न शिर्षकमा खर्च | १८६३२० |
| | | विविध | २१,४१० |
| | | नेपाल बैङ्क कर | १६,१२१.८४ |
| | | **कुल खर्च** | **७१,७२,६२१·८४** |
| | | **बैक मौजुदा रकम** | |
| | | नेपाल बैंक लि· | १,८३,७९४·३९ |
| | | राष्ट्रिय वाणिज्य बैंक लि· | ३६,६७,३०० |
| | | सनराईज बैंक लि· | १,२३,११३ |
| | | ने बै लि· मुद्दती | ६,५०,००० |
| | | नगद जिम्मा (अध्यक्ष) | ४,७५,००० |
| जम्मा | १,२२,७१,८२९·२३ | जम्मा | १,२२,७१,८२९·२३ |

**आ व २०७९/०८०**

| क्र स | आम्दानी तर्फ | रकम | क्र स | खर्च तर्फ | रकम |
|---|---|---|---|---|---|
| १. | गत जिम्मेवारी | | १ | त भ खर्च | १६९४०६५ |
| २ | रा वा बैक | ३६६७३०० | २ | भ्रमण खर्च | १७३४०० |
| ३ | ने बै लि किर्तीपुर | १८३७९४·३९ | ३ | स्टेसनरी खर्च | २२३००० |
| ४ | सनराइज बैक | १२३११३ | ४ | अतिथि सत्कार | २२७५८० |
| ५ | मुद्दति हिसाब | ६५०००० | ५ | भवन निर्माण | ११६४७५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | नगद | १८६३२० | ६ | टेलिफोन इन्टरनेट | २१७८० |
| ७ | पाउनुपर्ने पेश्की सापटी | ४७५००० | ७ | विद्दुत महसुल | १३८९५ |
| | उप जम्मा | ५२८५५२७.३९ | ८ | क्याम्पस सभा | २३३०० |
| | यस वर्षको खुद आय | | ९ | विज्ञापन तथा प्रकाशन | ३६००० |
| ८ | नियमित अनुदान | १७२४००० | १० | रजिष्ट्रेशन/परिक्षा | २९६३६० |
| ९ | उपकरण खरिद अनुदान | ८५०००० | ११ | त्रि वि नविकरण शुल्क | ३७००० |
| १० | गा पा भवन मर्मत | ४२००५७ | १२ | पब्लिक क्याम्पस संघ | ३१५०० |
| ११ | मुद्दति ब्याज | ५२१०१.५५ | १३ | परिक्षा सञ्चालन खर्च | १४८३७५ |
| | उप जम्मा | ३०४६१५८.५५ | १४ | अभ्यास शिक्षण खर्च | १७५००० |
| | आन्तरिक आम्दानी | | १५ | विविध | १०४७२०.२३ |
| १० | विद्यार्थी/अन्य शुल्कबाट | २६९०६०० | १६ | सामान खरिद | ९४३२५ |
| | उप जम्मा | २६९०६०० | १७ | फिल्ड निर्माण | ९००००० |
| | | | | जम्मा खर्च | ५३६५०५०.२३ |
| | | | | जम्मा बाँकि | |
| | | | | रा वा बैक | ३६४५१०० |
| | | | | सनराइज बैक | ५५०२९० |
| | | | | नगद पेश्की जिम्मा | ६७५००० |
| | | | | ने बै लि | २८०९५.७१ |
| | | | | मुद्दति | ६५०००० |
| | | | | नगद | १३३२५० |
| | | | | उप जम्मा | ५६८१७३५.७१ |
| | कुल जम्मा | ११०४६७८५.९४ | | कुल जम्मा | ११०४६७८५.९४ |

## ३.१ क्याम्पसबाट प्रदान छात्रबृति विवरण

क्याम्पसमा विभिन्न छात्रबृति वितरण गर्ने प्राबधान रहेको छ । प्रत्येक वर्ष क्याम्पसले विद्यार्थीहरुलाई विभिन्न शिर्षकमा छात्रबृति प्रदान गर्दै आइरहेको छ । यस क्याम्पसले प्रदान गर्ने छात्रबृति तपशिअनुसार छन् ।

**जेहन्दार छात्रबृति**

प्रत्येक वर्ष उत्कृष्ट अंक ल्याउने एक जना छात्र र एक जना छात्रालाई पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षमा भर्ना तथा मासिक शुल्कमा पूर्ण छुट गर्ने व्यवस्था रहेको छ ।

**सिमान्तकृत छात्रबृति**

सिमान्तकृत छात्रबृति अन्तर्गत प्रत्येक वर्ष सिमान्तकृत समुदायको एक जना छात्र र एक जना छात्रालाई पूर्ण निःशुल्क गर्ने प्राबधान रहेको छ।

**सहिद परिवार तथा द्वन्दपिडित छात्रबृति**

सहिद परिवार तथा द्वन्दपिडित छात्रबृति अन्तर्गत पहिलो वर्ष भर्ना तथा मासिक शुल्कमा पूर्ण छुट दिने ब्यवस्था रहेको छ ।

**४. पब्लिक क्याम्पस संघमा सहभागिता**

जनस्तरबाट नाफारहित उद्देश्यका साथ २०७० सालमा त्रिभुवन विश्वविद्यालयबाट अस्थायी संबन्धन प्राप्त गरेको यस सानीभेरी शिक्षा क्याम्पसले सामुदायिक क्याम्पसको साझा संगठन पब्लिक क्याम्पस संघको सदस्यता प्राप्त गरेको छ । जसबाट क्याम्पसभित्रका हरेक समस्या समाधानमा सहजता मिल्दै आएको छ ।

**४. सामाजिक क्रियाकलापमा क्याम्पसको संलगनता ः**

सानीभेरी गाउँपालिकाको एकमात्र यस क्याम्पस पालिकाको केन्द्र सिम्लीमा अवस्थित छ । सामाजिक सरोकारका विषयमा क्याम्पसको हरसमय साथ र सर्मथन हुँदै आइरहेको छ । यस क्षेत्रको शैक्षिक अवस्थालाई सुदृढिकरण गर्ने र गुणस्तरता कायम गर्ने समाजमा क्याम्पस परिवारको निरन्तर सक्रियतामा कुनै कमि छैन् । त्यसैगरी अन्य शिक्षा सँग संबन्ध जोडिएका विभिन्न संस्थाहरुको कार्यक्रममा पनि सल्लाह र सुझाव निरन्तर रुपमा दिने काम हुँदै आइराखेको छ ।

वास्तवमा क्याम्पस पनि एउटा सामजिक एकाईका रुपमा स्थापित छ नै । यस क्याम्पसमा अध्ययनशिल विद्यार्थीहरु पनि समाजकै सदस्यहरु हुन । उनिहरुले सिक्ने शिक्षा पनि वर्तमान समाजकै लागि हुने गर्दछ । त्यसैगरी विद्यार्थीहरु कुनै न कुनै रुपमा जोडिएका हुन्छन् ।

निचोडमा यस क्याम्पसले स्थापनाकालदेखि यस क्षेत्रमा राजनितिक दल बुद्धिजीवी विभिन्न निकायमा रहेर कार्य गर्न व्यक्तित्वहरु संघसंस्थाहरुसंग मिलेर निरन्तर रुपमा सामाजिक पक्षका विभिन्न कार्यमा सहभागिता जनाएर कार्य गर्दै आइराखेको यर्थाथलाई भुल्न सकिँदैन । आगामी दिनमा पनि यस क्षेत्रमा सामाजिक विकासका विभिन्न कृयाकलापमा निरन्तर सहयोग र समर्थन रहने कुरामा कुनै कमि नहुँने प्रतिवद्धता व्यक्त गर्न चाहान्छ ।

**५. क्याम्पसको लागि सामाजिक योगदान ः**

हरेक संस्था स्थापना हुनुमा समाजको महत्वपूर्न योगदान हुने गर्दछ । खासगरी यस क्याम्पसले स्थायी संवन्धनको प्राप्तीको समयदेखि यहाँसम्म पुग्दा सम्म यहि समाजका बुद्धिजिविहरु र अग्रज व्यक्तित्वहरुवाट क्याम्पसले प्रगातिका सिँढिहरुमा पाइला लम्काई राखेको छ । यसरी क्याम्पसले शिशु अवस्थावाट अगाडि बढ्दै जग्गा, भवन र भौतिक पूर्वाधारको विकासहरुमा यहि समाजको अग्रणी भुमिका र योगदान रहेर आइराखेको छ ।

क्याम्पस यस क्षेत्रको शैक्षिक निकायको अग्रणी संस्था भएकोले पनि यसमा हरेक पक्षको विकासमा सुदृढिकरण गर्नमा यस क्षेत्रमा राजनैतिक दलका नेता,समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी व्यक्तित्वहरुबाट विभिन्न तरिकाले योगदान पु¥याएको छ । क्याम्पसको आर्थिक पक्षलाई सुदृढीकरणको लागि आर्थिक संकलन देखि लिएर देउसी भैलो र स्थानीय निकायवाट रकम विनियोजन गर्ने काममा हरपल सहयोग हुँदै आइराखेको अवस्था छ ।

त्यसको अलावा संवन्धन प्राप्त पछि परिक्षा केन्द्र निर्माण देखि माथिल्लो निकायसँग संम्वन्ध स्थापना गर्ने काममा महन्वपूर्ण व्यक्तित्वहरुले निरन्तर साथ दिइराख्र्रु भएको छ । यस क्षेत्रको शिक्षाको अवस्थालाई मध्यनजर गर्दै शिक्षा संकायको कार्यक्रम मात्र चलेको यस क्याम्पसलाई बहुमुखी र रचनात्मक बनाएर व्यवस्थापन संकाय निर्माण गर्न हरसमय यस क्षेत्रका समुदायको सल्लाह र सहयोग गर्ने कुरामा कुनै सन्देह छैन ।

**६ क्याम्पसका सबल पक्षहरु**

१) ब्यापक रुपमा क्याम्पसको अभिभावक भेलाको माध्यमबाट क्याम्पसका विभिन्न पक्षहरुको योजना तर्जुमा गरिनु ।

२) स्थानीय सरकार, शिक्षाप्रेमी, बुद्धिजीबीहरु बिचमा क्याम्पसको वर्तमान अवस्था र चुनौति विषयमा रायसुझाबहरु संकलन गरेर अघि बढ्नु ।

३) क्यम्पसमा भौतिक विकासका लागि विभिन्न निकायहरुमा प्रस्ताव पत्र प्रस्तुत गरेर अघि बढ्नु ।

४) क्याम्पसमा अध्ययन गर्नआउने विद्यार्थी नै सम्पति भएका कारण +२ उतिर्ण गरेका विद्यार्थीलाइ स्नातक तह पठनपाठनमा आकर्षित गर्ने अभियान चलाउनु ।

५) आर्थिक कार्यमा पारदर्शिता कायम रहनु ।

६) क्याम्पस व्यवस्थापन समिति, प्रशासन, त्रि.वि. र अभिभावकहरुबिचमा क्याम्पसको गुणस्तर बढाउन अग्रसरता कायम गर्न ब्यापक पहल गर्न वातावरणको सिर्जना गरिनु ।

**७ क्याम्पसका दुर्बल पक्षहरु**

१) अपेक्षाकृत रुपमा क्याम्पसप्रति जनचासो नदेखिनु ।

२) आवश्यकतानुसार विद्यार्थी संख्या कम हुनु ।

३) शिक्षा बाहेकका विषयहरु क्याम्पसमा ल्याउन नसक्नु ।

४) प्राध्यापकहरु स्थायी गराउन नसक्नु ।

५) राजनितिक भागबन्डाको रङ देखा पर्नु ।

६) व्यवस्थापन समितिको मुख्य पदमा आफ्नो पाटिको जिम्मेवार पदमा रहन नपाउँदा आफ्नो सक्रियता नदेखाउनु ।

७) क्याम्पसको भौतिक निर्माण गर्दा त्यसमा रकमको अपुग भइ आन्तरिक स्रोतबाट थप्नुपर्ने भएकोले क्याम्पस व्ययमा जानु।

८) आन्तरिक ब्ययभारलाइ नबुझि क्याम्पस प्रशस्त आम्दानिमय छ भन्ने सोच बनाउनु ।

९) क्याम्पस व्यवस्थापन समितिमा टाढाका क्षेत्रबाट सदस्यमा रहनुभएका ब्यतिहरु प्रत्येक बैठकमा सहभागि हुन नसक्नु ।

१०) स्थानीय स्तरमा हुने पठनपाठनमा गुणस्तरीयतामा विश्वास नहुनु ।

११) समाजमा संस्थाको भविष्य उज्वल बनाउने पक्षमा हरतरहबाट सहयोग गर्नुपर्छ भन्ने भावना रहनुपर्नेमा ब्यक्तिगत फाइदा हेर्ने प्रवृतिको विकास हुनु ।

१२) स्थानीय सरकारले क्याम्पसलाइ खासै महत्व नदिनु ।

क्याम्पस प्रमुख

सानिभेरी शिक्षा क्याम्पस